

World Vision

# वार्षिक प्रतिवेदन

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल । वार्षिक प्रगति प्रतिवेदन - २०२१



# विषय सूची


राष्ट्रिय निर्देशकको सन्देश ........ १

हाम्रा प्रमुख उपलब्धिहरू (आ.व.२०२१) ........ ३

क. शिक्षा ........ ४
ख. स्वास्थ्य ........ ५
ग. सुरक्षा ........ ६
घ. जिविकोपार्जन ........ ७
ङ. अनुदान परियोजनाहरू ........ ८
च. निजि गैर-स्पोनसरसीप परियोजनाहरू ........ १०
छ. स्पोन्सरसीप ........ ११
ज. निति तथा पैरवी ........ ११

कार्यक्रम जवाफदेहिता ........ १३
आर्थिक प्रतिवेदन ........ १५
हाम्रा कार्यक्षेत्रहरू ........ १६
हाम्रा साझेदारहरू ........ १७
संक्षिप्त शब्दावली ........ १८


*कोभिड-१९ संकटको समयमा वर्ल्ड भिजनबाट खाद्यान्न र स्वच्छता सामग्री सहयोग प्राप्त गर्न आफ्नी छोरीसँग एक राहत वितरण केन्द्र आइपुगेकी काठमाडौँको चन्द्रागिरी नगरपालिकामा रहेको एक इँटा उद्योगमा कार्यरत कामदार ।*

# हाम्रो परिचय

वर्ल्ड भिजन बालबालिका केन्द्रित राहत, विकास र पैरवी गर्ने संस्था हो जसले जोखिममा रहेका लाखौं बालबालिका जीवनमा परिवर्तन ल्याउन सहयोग पुर्‍याएको छ । बालबालिका केन्द्रित विश्वकै अग्रणी संस्था वर्ल्ड भिजनले बालबालिका दुर्व्यवहार तथा शोषणको जोखिममा रहेको कुरा बुझेको छ । हामी इसाई आस्थामा आधारित संस्था हौं, जसले जातजाति, सम्प्रदाय लिङ्ग वा धर्मको आधारमा भेदभाव नगरी बालबालिका र परिवारहरू सबैको सेवा गर्दछ ।

# हाम्रो कार्यक्रम

**शिक्षा**
गुणस्तरीय, सुस्प्रेक्षत र समावी आधारभूत शिक्षामा समान पहुँच

**स्वास्थ्य**
बाल स्वास्थ्यमा सुधार

**उत्थानशीलता**
विपद् र आर्थिक संकटको सामना गर्न समुदायको उत्थानशीलता वृद्धि

**संरक्षण**
जोखिममा रहेका समूहहरूको संरक्षण

# हाम्रो यात्रा

- **१९८२** — स्थानीय समुहलाई अस्पताल निर्माणगरि स्वास्थ्य सेवा प्रदान गर्न आर्थिक सहयोग
- **१९८८** — उदयपुरमा भूकम्प प्रभावितलाई सहयोग
- **१९९३** — बाढी प्रभावितलाई सहयोग
- **२००१** — औपचारिक रूपमा दिगो विकास कार्यक्रम शुरूवात
- **२०१५** — अप्रिल २०१५मा आएको भूकम्पको प्रतिकार्य शुरूवात
- **२०१८** — भूकम्पको प्रतिकार्य समाप्त
- **२०२०-२१** — कोभिड-१९ प्रतिकार्य

२०
वर्षदेखि कार्यरत

१४
जिल्ला

६
प्रदेश

१३०
कर्मचारी

## दर्शन

प्रत्येक बालबालिकाको जीवनको सम्पूर्णता; हाम्रो प्रार्थना प्रत्येक हृदयमा त्यस्तै गर्ने चाहना

संसारभरि गरिबीको मुख्य कारणहरूलाई सम्बोधन गरेर हामी जोखिममा रहेका २० करोड बालबालिका समक्ष पुग्न सफल भएका छौं ।

# राष्ट्रिय निर्देशकको सन्देश

प्रिय साझेदारहरू
नमस्कार ।



पूर्ण कृतज्ञताका साथ म तपाईहरूमाझ वर्ल्ड भिजन इन्टरनेशनल नेपालको आर्थिक वर्ष २०२१ को वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्न चाहान्छु । यस वर्ष कोभिड-१९ महामारीको दोश्रो लहर तथा राजनितिक तरलता हाम्रो संस्थाको संचालन र यसका कार्यक्रमहरूलाई प्रत्यक्ष तथा अप्रत्यक्ष प्रभाव पार्ने प्रमुख चुनौतीको रूपमा रहे । विविध चुनौती तथा व्यवधानहरूको बावजुत हामीले संस्थाको जीवनको सम्पूर्णता (life in all its fullness) को उद्देश्य अनुसार नेपालमा जोखिममा रहेका बालबालिका तथा परिवार हरूको लागि काम गरेका छौं । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सम्रगमा २३ वटा बाल स्पोन्सरसीप कार्यक्रम क्षेत्र (बएक) को साथै २० वटा अनुदान तथा प्राइभेट नन् स्पोन्सरसीप कार्यक्रम मार्फत १७५,६८० (५६.२ प्रतिशत) महिला र १३७,२५८ (४३.८ प्रतिशत) पुरूष गरि ३१२,९३८ व्यक्तिहरूलाई सेवा प्रदान गर्न सफल भएको छ । जस मध्ये, बालबालिका केन्द्रित संस्था भएको नाताले उत्साहपुर्वक रूपमा संस्थाले १२७,४०६ (४०.७ प्रतिशत) छात्रा र १००,४६३ (३२.१ प्रतिशत) छात्र, १,४८३ फरक क्षमता भएका बालबालिका र ८७ जना विद्यालय बाहिरका गरि जम्मा २२७,८६९ (७२.८ प्रतिशत) बालबालिकालाई लाभान्वित गराएको छ ।

कोभिड-१९ को दोश्रो लहरको समयमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालको कभर परियोजना - २ (Nepal COVER Project – II) नेपालमा राहत तथा सो सम्बन्धि काम गर्ने शुरूवाती साथै ठुला परियोजना मध्येको एक हो । जसले कुल ६६,२९४ जोखिममा रहेका बालबालिका र ८,६१२ घरधुरीका १३५,६१४ वयस्कहरूलाई समेट्न सफल भएको थियो । परियोजना अर्न्तगत अक्सिजन, पानी तथा स्वच्छता, खाद्य सामग्री र जिविकोपार्जन सहयोगका साथै बालबालिकालाई हानि तथा दुर्व्यवहारबाट संरक्षण गर्नको लागि स्थानीय संरक्षण संयन्त्रलाई सुदृढ पार्न सहयोग गरेको थियो । "हाम्रो घर हाम्रो पाठशाला" रेडियो कार्यक्रम बन्दाबन्दीको समयमा बालबालिकाहरूको लागि रचनात्मक सिकाई तथा अभिव्यक्ति आदान प्रदान गर्ने अत्यन्तै सहयोगि माध्यम बनेको थियो ।

बन्दाबन्दीको बेलामा प्रादेशिक रूपमा संचालित मुख्य मन्त्रीहरूसँगको संवादले बालबालिका तथा युवाहरूका प्रतिनिधिलाई बाल संरक्षणको विषयलाई सशक्त ढंगले उठान गर्न र तत्काल सो विषयहरूमा सरकारको ध्यान आकर्षित गर्न सहयोग गर्‍यो ।


बाल संरक्षण एकीकृत "नेपाली जुटौं बाल विवाह रोकौं" नामक हाम्रो प्रमुख अभियानको नतिजा पनि उत्साहजनक देखियो । सो अभियान अर्न्तगत रेडियो मार्फत प्रवाह गरिने सन्देश, नितिगत वहस, रणनैतिक साझेदारी र बालमैत्री स्थानीय शासनको पहलमा संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत बालमैत्री स्थानिय शासन कार्यान्वयन निर्देशिका जारी भयो । उक्त निर्देशिकाको आधारमा लमजुंग र सुनसरीका दुईवटा वडाहरूलाई बालमैत्री स्थानीय शासनको

रूपमा घोषणा समेत गरेको छ । यस्तै सामाजिक विकास मन्त्रालयले सुदुरपश्चिम र मधेस प्रदेशमा बाल सहभागिता निर्देशिका जारी गर्न पहल भएको छ ।

यसको अतिरिक्त स्थानीय तहको अवस्था विश्लेषण र कार्ययोजनाको विकासका लागि स्थानीय सरकारसँगको सहकार्यले एउटा पैरविको रूपमा काम गऱ्यो र यसले बालबालिकाको क्षेत्रमा आर्थिक श्रोतको वितरण वृद्धि गराउन आधार निर्माण गऱ्यो । वर्ल्ड भिजन इन्टरनेशनल नेपालको जवाफदेहिताको कुरा गर्नुपर्दा, यस समयमा कार्यक्रम जवाफदेहिता प्रणालीले एकदमै राम्रो काम गरेको देखियो । सो क्रममा हाम्रो विविध प्रणाली मार्फत् समुदायस्तरबाट आएको सुझावलाई ९९ प्रतिशत सम्म सम्बोधन गरिएको थियो । हामीले सोही अवधीमा कतिपय रचनात्मक आलोचना पनि पायौं जसलाई तदारूकताको साथ सम्बोधनगरी कार्यक्रमहरूको गुणस्तर सुधार गरियो ।

आन्तरिक रूपमा हामीले सिकाईसत्रको क्रममा हाम्रा के-कस्ता कार्यक्रमहरू सफल रहे, कुन-कुरा राम्रोसँग काम गरेनन् र किन राम्रो सँग काम गरेनन् भन्ने सन्दर्भमा यो निष्कर्ष रह्यो कि हाम्रो अनुकुलन क्षमता, कार्यक्रमहरूको अनुशासित कार्यान्वयन, उचित अनुगमन तथा सहयोग मार्फत सबै साझेदारहरूसँग अर्थपुर्ण सहकार्य गर्दै जानु नै आगामी दिनको प्रमुख मार्ग हो । कोभिड-१९ को कारण आवतजावतमा कठिनाई हुदा स्थानिय स्तरमा सहि लाभग्राहिको छनौट र सामाग्रीको वितरण, कार्यक्रमहरूमा बालबालिकाहरूको अर्थपुर्ण संलग्नता र सहभागिता गराउने जस्ता कुराहरू आ.व. २०२१ को प्रमुख चुनौतिको रूपमा रह्यो ।

वर्ल्ड भिजन इन्टरनेशनल नेपाल टोलीको तर्फबाट, म सबै बालबालिकाहरू, समुदायका महिला, पुरूषहरु, स्थानीय साझेदारहरु, सरकारी निकाय र सबै तहका सम्पुर्ण सरोकारवालाहरूप्रति कृतज्ञता व्यक्त गर्न चाहान्छु । तपाईहरू सबैसँगको साझेदारी बिना हामीले यस प्रतिवेदनमा पढ्न




पाएका नतिजाहरु साक्षात्कार गर्न असम्भव थियो । नेपालमा हाम्रो कार्यक्रमहरूलाई सहयोग गर्ने १४ वटा सहयोगी कार्यालयहरु मार्फतका हजारौं व्यक्तिगत सहयोगीदाता र सबै द्विपक्षीय, बहुपक्षीय र निजी क्षेत्रहरूहरूलाई पनि हामी कृतज्ञता ज्ञापन गर्न चाहान्छौं । र अन्तमा, कडा मेहनतका साथ सेवा प्रदानमा लागिपर्नु भएका वर्ल्ड भिजन इन्टरनेशनल नेपालको टोलीलाई प्रशंसा व्यक्त गर्न चाहान्छु जसमध्ये धेरैजना त व्यक्तिगत रूपमा पनि कोभिड-१९ बाट प्रभावित हुनु भएको छ । यस क्रममा कोभिड-१९ को कारण एक सहकर्मी गुमाएकोमा दु:ख प्रकट गर्दै कोरोनाभाइरसबाट प्रभावित कर्मचारी र तिनीहरूका परिवारहरूलाई सहयोग जारी राख्ने कुरा व्यक्त गर्न चाहान्छु ।

यस प्रतिवेदनले हामीले किन मानवीय, विकास, र पैरवीका कार्यक्रमहरु मार्फत जोखिममा रहेका बालबालिका तथा समुदायहरूलाई सेवा प्रदान गर्न लागी परेका छौं भन्ने कुरा तपाई र मलाई सम्झना गराउनेछ भन्नेमा म आशावादी छु । विविध बाधा अड्चनहरूको बावजुद पनि, नेपालमा सबैभन्दा जोखिममा रहेका बालबालिका र समुदायहरूको जीवनमा सकारात्मक र दिगो नजिता ल्याउने हाम्रा सबै प्रयासहरु अत्यन्तै सार्थक छन् । धन्यवाद !



जेनिस इम्यानुएल गिन्टिङ्ग

# आ.व. २०७८ को हाम्रा प्रमुख उपलब्धीहरू



*उदयपुर जिल्लामा १० दिने रूपान्तरण (जीवनोपयोगी र सुरक्षात्मक सीप) तालिमका सहभागीहरूले सहकार्यको जनाउने मानव आकृति बनाउँदै ।*

# शिक्षा

## मुख्य उद्धेश्यहरू

- सुदृढ शिक्षण, सिकाइ र अभिभावकीय सहभागिताको आधारमा बालबालिकाको सिकाइलाई अभिवृद्धि गर्ने
- बालबालिकाका लागि विद्यालयमा सुरक्षित, समावेशी र पहुँचयोग्य सिकाइको वातावरण सिर्जना र प्रवर्धन गर्ने
- विद्यालय र समुदायमा सुधारिएको समावेशी र गुणस्तरीय शैक्षिक सेवाहरूको लागि सामाजिक उत्तरदायित्व प्रवर्धन गर्ने

## मुख्य उपलब्धीहरू

**२४५** जना शिक्षकहरूलाई प्रारम्भिक साक्षरता/प्रारम्भिक कक्षा सिकाइ सम्बन्धि तालिम प्रदान

**२३९** वटा कक्षाकोठाहरूलाई छापामय वातावरणमा स्तरोन्नती

**७९** जना शिक्षकहरूलाई अपाङ्गता भएका बालबालिकालाई समावेशी तथा विशेष शिक्षा प्रदान गर्न प्रशिक्षित

**१६,८७५** स्थानीय रूपमा सान्दर्भिक र विकासात्मक रूपमा उपयुक्त पठन सामग्री समुदायमा आधारित अध्ययन शिविरहरूलाई वितरण

**५,४४८** अभिभावक तथा हेरचाहकर्ताहरूलाई उपयुक्त हेरचाह, रमाइलो अभिभावकत्व र घरमै आधारित सिकाइको सम्बन्धमा प्रशिक्षित

**२१९** जना सामुदायिक साक्षरता सहजकर्ताहरूलाई, बालबालिकाहरूलाई स्कूल पछिको समयमा सहयोग उपलब्ध गराउन प्रशिक्षित गरि परिचालन

**२** वटा बालबालिकामैत्री साथै लैङ्गिक तथा अपाङ्गतामैत्री विद्यालय भवन निर्माण

**८५** वटा विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई विपद् जोखिम व्यवस्थापन र विद्यालय सुरक्षाबारे तालिम प्रदान

**९७** वटा नागरिक आवाज र कर्तव्य (CVA) समूहहरू गठन तथा क्षमता अभिवृद्धि गरी शैक्षिक सेवाहरू सुदृढ गर्न परिचालन

**४** वटा समावेशी शिक्षा नीति निर्माण गरि गाँउ तथा नगरपालिकाहरूमा लागू गरिएको

> *"योजनाहरू व्यवहारमा लागू भएन्न भने त्यो सहि मानेमा योजना नै होइन । एक विद्यालय स्व्यमंले स्व-मूल्याङ्कन मार्फत आफ्नो सुधारका लागि प्रमुख विषयहरू पहिचान गर्न, आवश्यक सूचांक तथा कार्य योजनाहरू तयार गर्न, उक्त योजनाहरू कार्यान्वयन र नियमित अनुगमन गर्न तब मात्र सम्भव हुन्छ जब विद्यालयको स्थानीय संचालन निकायले उक्त योजनाहरूको स्वामित्व ग्रहण गर्दछन् । नागरिक आवाज र कर्तव्य (CVA) समावेशी र गुणस्तरीय शिक्षाको लागि सामाजिक उत्तरदायित्वमा अभिवृदि गर्न परीक्षण भइसकेको एउटा विधि हो ।"*
>
> – भोजराज, प्रधानाध्यापक, कालीभैरव मा. वि., डोटी

## प्रमुख साझेदारहरू

| | | | | | |
|---|---|---|---|---|---|
| बालबालिका/विधार्थी | अभिभावक | शिक्षक | विद्यालय व्यवस्थापन समिति | अभिभावक शिक्षक संगठन | नागरिक आवाज र कर्तव्य (CVA) समूहहरू |
| स्थानीय सरकार | शैक्षिक विकास तथा समन्वय इकाई | प्रादेशिक सामाजिक विकास मन्त्रालय | शैक्षिक प्रशिक्षण केन्द्र | शैक्षिक समीक्षा कार्यालय | पाठ्यक्रम विकास केन्द्र |
| शिक्षा र मानव संसाधन विकास केन्द्र | शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय | ए.आई.यन. शिक्षा कार्यगत समूह | साझेदार गैसस संस्थाहरू | मिडिया | |

# स्वास्थ्य

## मुख्य उद्देश्यहरू

- मातृ तथा बाल पोषण सुधार्ने
- कम तौलका बालबालिकाहरूलाई कुपोषणबाट पुर्नस्थापना गर्ने
- बालबालिकाहरूलाई बाल्यअवस्थाको विरामीपन र रोगबाट सुरक्षित राख्ने
- सरकारलाई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन जिम्मेवार पार्ने

## मुख्य उपलब्धीहरू

**९३** जना स्वास्थ्य सेवा प्रदायक कर्मचारीहरूलाई पोषण सम्बन्धि विशिष्ट तालिम प्रदाने

**५३१** महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई आमा स्वास्थ्य समूहको बैठक नेतृत्व गर्न तथा मातृ, शिशु र बाल पोषणको विषयमा अभिमुखिकरण

**५५४** वटा आमा स्वास्थ्य समूह पूर्ण रूपमा संचालनमा आई महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूले नेतृत्व गरेको

**१४,८५४** गर्भवती र स्तनपान गराउने महिलाहरूले कम्तिमा एक पटक आमा स्वास्थ्य समूहमा भाग लिइ स्वास्थ्य र पोषण सम्बन्धि परामर्श प्राप्त

**४,४५०** अति जोखिममा रहेका घरपरिवारलाई उनीहरूको घरमा हात धुने ठाँउ स्थापना गर्न सहयोग

**१०१** जना सकारात्मक झुकाव सामूहिक चुल्हो ९एम० स्वयंसेवकहरूलाई सकारात्मक झुकाव सामूहिक चुल्हो सत्र संचालन गर्न प्रशिक्षण

**१९,३९५** ५ वर्ष मुनिका १९,३९५ बालबालिकाको वृद्धि अनुगमन गरिएको । जसमध्ये ३७% सामान्य तौल भएका, २८% हल्का कम तौलका, २० % मध्यम कम तौलका र १५% अति कम तौल भएको पाइएको

**११९** जना कम तौल भएका बालबालिकाहरू सकारात्मक झुकाव सामूहिक चुल्हो ९एम० सत्रमा भर्ना

**७,८६६** जना कम तौल भएका बालबालिकालाई कोभिड-१९ को दोस्रो लहरको समयमा पौष्टिक आहार वितरण

**५५४** जना महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूलाई कोभिड-१९ को दोस्रो लहरको समयमा सहयोग प्रदान गरि गर्भवती, सुत्केरी महिला र बालबालिकालाई टेलिफोन मार्फत स्वास्थ्य र पोषण सम्बन्धि परामर्शमा दिने प्रबन्ध गरिएको

## प्रमुख साझेदारहरू

| | | | | |
|---|---|---|---|---|
| गर्भवती र स्तनपान गराउने महिलाहरु | पोषण समुह | महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका | स्वास्थ्य सेवा सञ्चालन व्यवस्थापन समिति | |
| स्वास्थ्य सेवा | प्राथमिक स्वास्थ्य हेरचाह क्लिनिक | स्थानीय सरकार | प्रादेशिक सामाजिक विकास मन्त्रालय | |
| स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | परिवार कल्याण महाशाखा, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | ए.आई.यन. | संयुक्त राष्ट्रसंघ अन्तर्गतका निकायहरु | समुदाय |

> *“हामीले पहिलो पटक यसरी समुदायका पुरै बालबालिकाहरूको तौलको अनुगमन गर्‍यौं । कुपोषण भएका बालबालिकाको संख्या पत्ता लगाई स्वास्थ्य चौकी, समुदाय र नगर स्तरिय रुपमा आवश्यक कार्य गर्नको लागि यस प्रकारको अनुगमनले एकदमै सहयोग गर्नछ ।”*
>
> - गणेश, सहायक स्वास्थ्य कार्यकर्ता, महोत्तरी

# संरक्षण

## मुख्य उद्धेश्यहरू

जीवन कौशल र सुरक्षात्मक सीपहरु, सकारात्मक अभिभावकत्व र बालबालिकाको अर्थपूर्ण सहभागिता मार्फत विशेष गरी किशोरकिशोरीहरु र उनीहरूका आमाबाबुहरूको सशक्तिकरण गर्ने ।

स्थानीय स्तरमा बाल संरक्षण प्रणालीलाई प्रभावकारी बनाइ न्यूनतम आवश्यकता र सेवाहरु पुऱ्याउन क्षमता अभिवृद्धि र सहयोग गर्ने

बालबालिका र उनीहरूको अधिकारको सुरक्षा गर्न समुदायमा सुरक्षात्मक वातावरण निर्माण गर्न सामुदायका सम्बन्धित सरोकारवालाहरूलाई परिचालन गर्ने

## मुख्य उपलब्धीहरू

**३००** भन्दा बढी किशोरहरूलाई जीवनपयोगी सीप र आत्मरक्षा तालिम प्रदान

**२००** भन्दा बढी जोखिममा रहेका बालबालिकाहरूलाई जन्म दर्ता र मनोसामाजिक सहायता सहितका विभिन्न बाल संरक्षण सम्बन्धि सेवाहरु प्रदान

**३८** नगरपालिकाहरूमा नगरस्तरीय बाल अधिकार समिति बाल अधिकार समिति (CRC) गठन/पुर्नगठन

**३८** नगरपालिकाहरूले वर्ल्ड भिजनको प्राविधिक सहयोगमा बाल संरक्षण सम्बन्धि स्थानीय स्तरको अवस्था विश्लेषण (LLCA) प्रक्रिया सम्पन्न

**३४** वटा बाल संरक्षण र युवा समूहहरु परिचालन गरि संकटको समयमा जोखिममा रहेका बालबालिकाहरूलाई आवश्यक हेरचाह योजनाको साथ सहयोग प्रदान

**१३** वटा बाल मैत्री स्थानीय साशन (CFLG) घोषणा प्रक्रियालाई सहयोग/सहजीकरण

**६** वटा स्थानीय निकायलाई सूचना, शिक्षा तथा संचार सामग्री, बाल लगानी योजना र बालबालिकाको लगत तयार गर्न सहयोग प्रदान

**४९** वटा कार्यक्रम आयोजना गरी सामुदायिक संस्थाहरूलाई परिचालनगरी सामाजिक सुरक्षा योजनालाई स्थानीय स्तरमा जोड्न सहयोग

**२००** भन्दाबढी बाल संरक्षण सम्बन्धित घट्नालाई स्थानीय स्तरका बाल अधिकारक्लब र अन्य संरक्षणका संयन्त्रको सहयोगमा व्यवस्थापन

**१** अध्ययन प्रतिवेदन प्रकाशित । श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, केन्द्रीय तथ्यांक विभाग र साझेदार संस्थासँगको सहकार्यमा बालश्रमको व्यापकता र कपडा तथा गलैंचा उद्योगमा बद्लिदो अवस्थाबारे अध्ययन अनुसन्धान सम्पन्न गरिएको थियो ।

> *"यदि कसैले मलाई दुर्व्यवहार गर्दैछ भने, म सो सम्बन्धमा बुझ्न र आफुलाई जोखिमबाट बचाउनको लागि तदनुसार कार्य गर्न सक्दछु । मलाई आवश्यक परेको बेलामा लिनुपर्ने उपलब्ध सेवाहरूबारे पनि थाहा छ जुन सेवा मैले आवश्यकता अनुसार लिन पनि सक्दछु ।"*
>
> – रूपान्तरण सहभागी, काठमाडौं

## प्रमुख साझेदारहरू

| | | | | | |
|---|---|---|---|---|---|
| बालबालिका (किशोर किशोरी) | अभिभावक | सामाजिक अभिनेताहरु | बाल क्लबका सदस्यहरु | शिक्षक | सामुदायिक संस्थाहरु |
| नगरपालिका स्तरीय बाल अधिकार समिति | नगरपालिका र वडा कार्यालय | जिल्ला समन्वय समिति | बाल हेल्पलाइन | प्रहरी माताहतको महिला तथा बालबालिका सेवा केन्द्र | एकद्धार संकट व्यवस्थापन समिति (OCMC) |
| प्रादेशिक बाल अधिकार परिषद् | प्रादेशिक सामाजिक विकास मन्त्रालय | राष्ट्रिय बाल अधिकार परिषद् | महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय | |
| कन्सोर्टियम, बालमैत्री स्थानीय शासान राष्ट्रिय मञ्च जस्ता सञ्जालहरू | ए.आई.यन - बाल संरक्षण कार्यगत समूह | स्थानीय तथा राष्ट्रिय मिडिया | साझेदार गैसस संस्थाहरू | | |

# जीविकोपार्जन

## मुख्य उद्देश्यहरू

बालबालिका र उनीहरूका परिवारलाई वर्षभरि पुग्ने सुरक्षित र पौष्टिक खानामा पहुँचको सुनिश्चितता गर्दै भोकमरीको अन्त्य गर्ने

चरम गरिबीको अन्त्य गर्ने र अति गरिब परिवारहरूलाई राष्ट्रिय औसतभन्दा उच्च दरमा निरन्तर रूपमा उनीहरूको आय वृद्धि गर्न सक्षम बनाउने

मानिसहरूको उत्थानशिलता अभिवृद्धि गर्ने र जलवायु-सम्बन्धित असाधारण घटनाहरु र अन्य आर्थिक, सामाजिक र वातावरणीय आघात र प्रकोपहरूमा उनीहरूको जोखिम कम गर्ने

**२०,०००** भन्दा बढी परिवारहरूलाई उनीहरूको जीविकोपार्जनमा सुधार गर्न सहयोग

**५८** प्रदर्शनी स्थलहरू स्थापनागरी खेतीका नयाँ तरिकाहरु प्रर्वधन

**४,५९७** ४,५९७ परिवारहरूको उत्पादकत्व बढाउन कृषि सामग्रीहरु प्रदान

**२,६५८** २,६५८ परिवारहरूलाई व्यापार र उद्यमशीलता सिप सम्बन्धि तालिम प्रदान

**७२७** ७२७ किसानहरूलाई जलवायु कुशल कृषिबारे तालिम प्रदान

**७१२** ७१२ जना व्यक्तिहरु (बालबालिका समेत) लाई विपद् जोखिम न्यूनीकरण सम्बन्धि तालिम प्रदान

**९** वटा खानेपानी योजनाहरु निर्माण तथा मरमत । उक्त योजनाहरु जोखिममा रहेका समुदायहरूलाई केन्द्रितगरी संचालन गरिएको थियो

**३,०७०** कोभिड-१९ प्रभावित घरपरिवारलाई उनीहरूको जीविकोपार्जनमा सहयोग पुऱ्याउन नगद अनुदान र तालिम प्रदान

**१३५** जनालाई बजारमा आधारित पद्दति मार्फत उत्पादन अनुपात, गुणस्तर र महिलाहरूको श्रम सुधार गर्न सहुलियत प्रदान

**३५** वटा सामुदायिक विपद् व्यवस्थापन समितिहरु (CDMCs) र स्थानीय विपद् व्यवस्थापन समितिहरु (LDMCs) गठन गरि सुदृढ

### प्रमुख साझेदारहरू

| | | | | | |
|---|---|---|---|---|---|
| भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय | कृषि तथा पशुपक्षी विकास मन्त्रालय | कृषि तथा पशुपक्षी विकास विभाग | नेपाल कृषि अनुसन्धान परिषद् | राष्ट्रिय योजना आयोग | राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण |
| उद्यम विकास केन्द्र | गृह मन्त्रालय | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संगठन | महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय | संयुक्त राष्ट्रसघका निकायहरु | खाद्य सुरक्षा समुह |
| नगद समन्वय समूह | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् | कृषि ज्ञान केन्द्र | सीप विकास केन्द्र | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय (प्रदेश) | साना र घरेलु उद्योगका जिल्ला अध्याय/इकाइहरु |
| नगरपालिकाको कार्यालय | वडा कार्यालय | गाँउ/नगरपालिका र वडाहरूका कृषि एकाइहरु | कृषि सहकारीहरु | किसान/उत्पादक समूह | कृषि- उपकरण तथा सर-सामान आपूर्तिकर्ताहरु |
| बचत समूहहरु | सङ्कलन केन्द्रहरु | उद्योग वाणिज्य संघहरु | बैंक/प्रमुख आर्थिक संस्था र सहकारी | स्थानीय विपद् व्यवस्थापन समिति | जिल्ला विपद् व्यवस्थापन समिति |




*"कोभिड-१९ बन्दाबन्दी पछिको समयमा पसल संचालन गर्न मलाई धेरै असहज थियो । पसलमा भएका प्राय सबै सरसामान घरायासी प्रयोजनमै सकिसकेको थियो । मैले फेरि पसल निरन्तर चलाउन सक्छु भन्ने कुराको त करिक करिब आश नै मारिसकेको थिए । त्यसै बखतमा वर्ल्ड भिजनले आफ्नो साझेदार संस्था मार्फत मलाई व्यवसाय सुधार सहायताको लागि छनौट गऱ्यो । मैले सो क्रममा व्यवसायिक योजनाको तालिम सँगसँगै भौतिक सहयोग पनि प्राप्त गरे । हाल मेरो व्यवसायमा सुधार आएको छ र मैले आफ्ना छोराछोरीहरुलाई पनि धेरै राम्रो गर्न सकेको छु ।"*

- शुस्मीता, वर्ष ३०, जुम्ला

# अनुदान परियोजनाहरू






## नेपाल कभर (कोभिड-१९ आपत्कालिन प्रतिकार्य) परियोजना -२

वर्ल्ड भिजन इन्टरनेशनल नेपालले कोभिड-१९ को दोश्रो लहरले ल्याएको आपत्कालिन अवस्थामा आफ्नो कभर परियोजना-२ मार्फत मे देखी जुलाई २०२१ सम्म नेपालका १६ वटा जिल्लामा आवश्यक राहत तथा सहयोगका कार्यक्रमहरू संचालन गऱ्यो । यस परियोजना अन्तर्गत ८,६१२ घर परिवारका ६६,२९४ जोखिममा रहेका बालबालिका र १,३५,६१४ किशोर किशोरी लाभान्वित भए । परियोजना अन्तर्गत स्वास्थ्य, खानेपानी, सरसफाई, खाधान्न सहयोग, जिविकोपार्जन सहयोग र बालबालिकालाई सबैखाले हानी र दुर्व्यवहारबाट संरक्षण गर्न स्थानीय सुरक्षा प्रणालीलाई शसक्तीकरण गरिएको थियो ।

स्थानीय सरकारहरूको मूल्याङ्कन निष्कर्ष र अनुरोधलाई विचार गर्दै, राहत तथा सहयोग कार्यक्रममा पाँचवटा आयाम/दृष्टिकोणहरू समावेश थिए:

- स्वास्थ्य सेवाको प्रणालीगत सुदृढीकरण उक्त कार्यक्रमको प्रमुख आयाम थियो जसका लागि स्थानीय, प्रादेशीक र संघीय तहका स्वास्थ्य सेवामा आवश्यक चिकित्सकिय उपकरण उपलब्ध गराउने र स्वास्थ्यकर्मीहरूलाई खोप, होम आइसोलेसन र कन्ट्याक्ट ट्रेसिङमा उनीहरूको प्राविधिक क्षमता अभिवृद्धि गर्ने महत्वपुर्ण कार्यहरू थियो ।
- नगद भौचर कार्यक्रम यस परियोजनाको अर्को प्रमुख आयाम थियो जसको माध्यमले अति गरिब परिवारहरु र एकदमै जोखिममा रहेका समूहहरूका लागि तत्काल खाद्य सहायता र प्रारम्भिक रूपमा जीविकोपार्जनको पुर्नताजगी गराउने कार्य गरेको थियो । यो विधि तत्कालिन राहत तथा सहयोगको रूपमा सिमित नभएर प्राविधिक कार्यक्रम (Technical Programmes) समायोजन प्रक्रियाको रूपमा निरन्तर हुन सक्ने देखिएको छ ।
- स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मार्फत स्थानीय, प्रदेश र संघीय स्तरका स्वास्थ्य संस्थाहरूमा कार्यरत स्वास्थ्यकर्मीहरूलाई प्रत्यक्ष व्यक्तिगत सुरक्षाका उपकरण मार्फत सहयोग गरिएको ।
- सामुदायिक सवारी साधनहरु प्रयोगगरी रोकथामका शैक्षिक तथा जनचेतनामुलक सुचना प्रवाह गरिएको ।
- प्रभावकारी र सहभागितामूलक प्रतिक्रियालाई सहयोग पुऱ्याउन सामुदायिक सुझाव र प्रतिक्रिया मार्फत जवाफदेहिता संयन्त्र बनाइएको ।

## समावेशी शिक्षा प्रवर्द्धन परियोजना, नेपाल (सिकाई)

सर्लाही जिल्लामा सबैभन्दा जोखिममा रहेका बालबालिकाको आधारभूत शिक्षामा पहुँच, शिक्षामा समान सहभागिता र समान सिकाइ परिणाम हासिल गर्न सहयोग गर्ने

### प्रमुख उपलब्धिहरू:

- वाशिंगटन बाल-समूह कार्य प्रणाली प्रयोगगरी २६,३०० बालबालिकाको प्रारम्भिक मूल्याङकन
- २ वटा लैङ्गिक तथा अपाङ्गता मैत्री विद्यालय भवन निमार्ण, ३ वटा शौचालय र १२ वटा खानेपानी सुविधा निर्माणगरी हस्तान्तरण
- विद्यालय बाहिरका सबैभन्दा जोखिममा रहेका ९७५ बालबालिकाले तीन महिनाको विशेष कक्षाहरु (समुदायमा आधारित सिकाई क्लब) पूरा गरेका छन् । तीमध्ये ५८१ जना विद्यालयमा भर्ना पनि भएका छन्
- कार्यात्मक सीमितता भएका १,१७६ बालबालिकाहरूको चिकित्सकीय प्रमाणीकरण पूरा भएको छ । प्रमाणीकरण पश्चात आवश्यकतामा परेका बालबालिकालाई एङ्कल फुट ओर्थोसिस (एएफओ), ह्वीलचेयर, स्ट्यान्डिङ फ्रेम, ट्वाइलेट चेयर, चस्मा आदि जस्ता सहायेगी उपकरणहरु प्रदान
- २५० जना जोखिममा रहेका बालिकाहरुलाई शैक्षिक छात्रवृत्ति नगद भौचरहरु प्रदान गरी उनीहरूको सिकाइलाई सहयोग
- भेदभावपूर्ण र हानिकारक परम्परागत अभ्यासहरूलाई सम्बोधन गर्न ३१ वटा सामुदायिक परिवर्तन समूह (C-change group) गठन गरिएको । यी समूहहरूले बालश्रम र बाल विवाहका विषयमा जनचेतना अभिवृद्धि गाउन घरदैलो अभियान सञ्चालन गर्दै आएका छन्
- ४७ वटा प्रारम्भिक बाल विकास केन्द्रहरु र ८१ वटा विद्यालयहरूलाई सिकाइ सामग्रीहरु प्रदान
- २० वटा वडा स्तरीय बाल अधिकार समितिहरु गठनगरी उनीहरूलाई आनो भूमिका र जिम्मेवारीबारे प्रशिक्षण
- ४,८८४ प्रारम्भिक बाल विकास, कक्षा ४ र ५ का विधार्थीलाई कोभिड-१९ बन्दाबन्दीको समयमा घरमै बसेर आफ्नो सिकाइ जारी राख्न स्व-सिकाइ सामग्रीहरु प्रदान
- २४ वटा विद्यालयहरूलाई समावेशी शिक्षण सिकाइ सामग्रीहरु (अपाङ्गता भएका बालबालिकाहरूका लागि प्रोटोटाइप सामग्री) प्रदान

> *पहिले*
> *पहिले हामीलाई लाज लाग्थ्यो र विद्यालय जादैन थियौं तर हामीले पठन सचेतना गोष्ठीमा (रिडिङ अवेयरनेस वर्कशप) भाग लिएपछि हामी स्कूल जान र हाम्रा बच्चाहरूको सिकाइ स्थिति र निरन्तरता जाँच गर्न सक्षम भएका छौं । हामी अहिले समूहमा विद्यालय जान्छौं ताकि हामी एक अर्कालाई स्कूलको वास्तविक अवस्थाको मूल्याङ्कन गर्न र घरमा बालबालिकाको लागि राम्रो सिकाइ वातावरण सिर्जना गर्न एक अर्कालाई सहयोग गर्न सकौं ।*
>
> – कक्षा १ को विद्यार्थीको आमा, सर्लाही ।

## किताब

विद्यालयहरूमा पर्याप्त पूरक पठन सामग्रीहरूमा बालबालिकाको पहुँच अभिवृद्धि गर्ने

### प्रमुख उपलब्धिहरू:

- मोरङ र सुनसरीका ८२८ विद्यालयका ५३,००० भन्दा बढी विद्यार्थीहरूलाई किताब बजार प्लेटफर्म मार्फत १३३,००० भन्दा बढी पुस्तकहरु उपलब्ध गराइएको
- ८,२८८ पुस्तकहरूको माग भएको छन् भने १,०४,७२० पुस्तकहरु प्रोत्साहनको रूपमा प्रदान
- २८ वटा नगरपालिकामा ८९९ सामुदायिक विद्यालयहरूमध्ये ८३१ मा कम्तीमा ५० शीर्षकका पुस्तकहरु सहितको २,४९३ पुस्तक कुना स्थापना
- पुस्तक कुना स्थापना गरेका विद्यालयहरूको अनुपात १२% बाट बढेर ९२% मा पुगेको छ जसमध्ये ७०% विद्यालयहरूले तिनीहरूलाई पूर्ण रूपमा प्रयोग गरेका छन्

> *कक्षाकोठामा शिक्षकहरु नभएको बेलामा हामी सहपाठीहरूसँग खेल्थ्यौं वा झगडा गर्थ्यौं । तर पुस्तक कुनाको स्थापनापछि हामी कक्षामा धेरै समय बिताउँछौं । हामीले हाम्रा शिक्षकलाई नबुझेका शब्द र कथाहरूको बारेमा खुलेर सोध्छौं । हामी एकअर्कालाई कथाहरु पढेर सुनाउछौं र अब त म पनि राम्रोसँग पढ्न सक्ने भएको छु । आजकाल त हाम्रा शिक्षकको पढाउने तरिकामा पनि परिवर्तन भएको छ; उहाँले चित्रहरु देखाउनुहुन्छ, कथाहरु सुनाउनुहुन्छ र कविताहरु पनि पढ्नुहुन्छ । मेरो विचारमा पढाइ पहिले भन्दा रमाइलो र सजिलो भएको छ ।*
>
> – नादनी, कक्षा ३-विद्यार्थी, मोरङ

## तयार

कोभिड-१९ को दोस्रो लहरको असरबारे मूल्याङ्कन र आवश्यक तयारी गर्नको लागि नेपालको विपद् प्रतिकार्य तथा रिकभरी प्रणालीको तयारी, सहायता र सुदृढीकरणको कार्यान्वयनमा सहयोग गर्ने

### प्रमुख उपलब्धिहरू:

- जीविकोपार्जन र बजार प्रणालीमा कोभिड-१९ को असर मूल्याङ्कन गर्न र देशभरि नगद स्थानान्तरण कार्यक्रमको अवसर पहिल्याउन १२ वटा कार्यरत नगरपालिका र उप-महानगरपालिकाहरूमा बजार अवस्था मूल्याङ्कन सम्पन्न
- सम्बन्धित स्थानीय निकाय मार्फत प्रत्यक परियोजना कार्यान्वयन साझेदारहरूबाट २०३ लाभग्राहीलाई अन्तिम रूप दिइ अनुमोदन गरि प्रमाणित
- १२ वटै नगरपालिकाहरूमा ५५ वटा योजना सहित कामको लागि नगद (CfW) परियोजना लागु गरिएको

> *मलाई दक्ष जनशक्तिका रूपमा नमानेर पुरूषभन्दा कम ज्याला प्रदान गरिने अदक्ष काम मात्रै दिइन्थ्यो, तर यस परियोजनाबाट मलाई पुरूष सरह समान ज्यालामा एउटै काम गर्ने अवसर दिइएको छ । मैले यो अवसरको लागि साँच्चै नै खुशी महसुस गरेकी छु ।*
>
> – एक महिला कामदार, दैलेख

# निजि गैर–स्पोनसरसीप परियोजनाहरू

NEPAL INNOVATION LAB

## नेपाल इनोभेसन ल्याब

नेपाल इनोभेसन ल्याब (एन ल्याबल) ले बालबालिकाको सम्बृद्धि क्षेत्रमा योगदान गर्न विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूको नवप्रवर्धन कार्यलाई प्राविधिक सेवा प्रदान गर्दै आएको छ । यसै सन्दर्भमा वर्ल्ड भिजन एशिया प्रशान्त क्षेत्रीय कार्यालयका लागि एक अन्तरक्रियात्मक मोबाइल अनुप्रयोग विकस गरिएको थियो । यस अनुप्रयोगको माध्यमबाट सांस्कृतिक अवस्थितीहरूमा हुने विभिन्न सामाजिक कुप्रथाहरूको पहिचान गर्न र उपकरण र विधिहरु डिजाइनगरी विकास सहजकर्ताहरूको सिकाइ उद्देश्यहरूको पूरकको रूपमा पहिचान गरिएका मुद्दाहरूलाई गामिफाइ गर्न सकिन्छ ।

बाल संरक्षणका समस्याहरूलाई सम्बोधन गर्न र उनीहरूलाई सान्दर्भिक निवारक उपायहरूसँग सशक्त बनाउन बालबालिकाहरूलाई संलग्न गराउने उद्देश्यले आठ वर्ष वा माथिका बालबालिकाहरूको लागि बोर्ड गेम विकसित गरिएको छ । खेलले बालबालिकाहरूलाई समाजमा प्रचलित मुख्य सुरक्षा समस्याहरु पहिचान गर्न र खेल मार्फत सिक्न सक्षम बनाउँछ । यस खेल वर्ल्ड भिजन इन्टरनेशनल नेपालको कार्यक्षेत्रहरूमा बालबालिकाहरूको समूहसँग सफलतापूर्वक परीक्षण गरिएको थियो । नयाँ संस्करण भने २०२२ मा प्रयोग हुने तालिका छ । किताब परियोजना र पि डि आर ए ९एम्छ० मोबाइल अनुप्रयोगको प्राविधिक पक्षहरूको नेतृत्व गर्नुका साथै, एन ल्याबले निजी क्षेत्र र स्थानीय नवप्रवर्तकहरूसँग जोखिममा रहेको बालबालिका र उनीहरूका परिवारहरूको दिगो सम्बृद्धिको लागि नयाँ आविष्कारको आइडिया र प्रोटोटाइप गर्न सम्बन्ध विकास गरेको छ । यसबाहेक, एन ल्याबले ग्लोबल रेस्पोन्स इनोभेसन ल्याबबाट सम्बद्ध प्रयोगशाला प्राप्त गरेको छ ।



*एक किशोरी अछाम जिल्लाको आफ्नो विद्यालय परिसरमा चुंगी खेल खेल्दै ।*

# स्पोन्सरसीप

मुख्य हाइलाइटहरु

- सरकारी तथा प्रमुख सामुदायिकस्तर सरोकारवालाहरूलाई लक्षितगरी स्पोनसरसीप पद्दतिबारे १०४ वटा अभिमुखीकरण कार्यक्रम सञ्चालन
- सामुदायिकस्तरको संरचनाहरूद्धारा अति जोखिममा रहेका बालबालिका (MVC) पहिचान गर्न र स्पोनसरसीप कार्यक्रममा दर्ता गर्न सहयोग पुऱ्याउन कार्यक्रम क्षेत्रमा ३२ कार्यक्रम संचालन
- विभिन्न क्षेत्रहरूसँग परामर्शगरी ३६ वटा आवश्यकता-आधारित माइक्रो-परियोजनाहरु विकसग तथा कार्यान्वयन गरियो
- बाल सम्बृद्धिको प्रभावकारी अनुगमनको लागि समुदायिक संस्थाहरु, समुदायका मानिसहरु र कर्मचारीहरूलाई लक्षितगरी बाल अनुगमन मापदण्डहरूमा ६९ वटा अभिमुखीकरण कार्यक्रम सञ्चालन
- बालबालिकाले ३३,५२८ बाल अभिव्यक्ति कार्यपत्रहरु पूरा गरे । बाल अभिव्यक्ति कार्यपत्रहरु सञ्चारको एउटा महत्वपूर्ण अंश हो जहाँ स्पोनसरकर्ता (sponsors) आफुले स्पोनसर गरेका बालबालिकाको विचार र भावनाहरु हेरी उनीहरूको वृद्धि र प्रभाव बुझ्न, महसुस गर्न पाउँछन्
- आ.व. २०२१ मा, ४,०२११ स्पोनसरकर्ताहरूले वर्ल्ड भिजन इन्टरनेशनल नेपालको स्पोनसरसीप कार्यक्रममा दर्ता भएका ५०,९११ बालबालिकाहरूलाई सहयोग गरेका छन् जसमध्ये नयाँ वृद्धि भर्ना ९,५०० अति जोखिममा रहेका बालबालिकाहरु रहेका छन्




# नविनतम अभ्यास

कोभिड-१९ को दोस्रो लहरले सबैभन्दा जोखिममा रहेका बालबालिका, तिनीहरूको परिवार र सम्पूर्ण विश्वको जीवनलाई असर गरिरहेको बेला, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले आफ्ना दाता, समर्थक र स्पोनसरकर्ताहरूका लागि आ. व. २०२१ मा तीनवटा भर्चुअल फिल्ड भ्रमणहरु संचालन गरेका थिए । भर्चुअल भ्रमण भनेको एउटा नयाँ अभ्यास हो जसले समर्थकहरूलाई वर्ल्ड भिजनमार्फत उनीहरूको समर्थनको प्रभाव/हरु अवलोकन गर्न र वास्तविक समयमा बालबालिका र समुदायहरूसँग अन्तरक्रिया गर्न अवसर दिन्छ । लमजुङ, जुम्लाको सिन्जा क्षेत्र कार्यक्रम र काठमाडौंको शहरी कार्यक्रमका लागि भर्चुअल भ्रमण गरिएको थियो ।

# निति तथा पैरवी

वर्ल्ड भिजन इन्टरनेशनल नेपालको पैरवी कृयाकलापले पहिचान गरिएका क्षेत्रहरु र स्रोत विकासमा रणनीतिक सहकार्यलाई बलियो बनाउने लक्ष्य राखेको छ । पैरवी पद्दतिले सामाजिक उत्तरदायित्व, दिगो विकास लक्ष्य, बालमैत्री स्थानीय शासन, अभियान र नीति निर्माणका क्षेत्रमा योगदान पुऱ्याउन केन्द्रित अनुसन्धान र आविष्कार हरूलाई बढावा दिने लक्ष्य राख्दछ । यी प्रयासहरूले अति जोखिममा रहेका बालबालिका र उनीहरूका परिवारहरूको जीवन सुधार गर्न आवश्यक पर्ने स्रोतहरूको बाँडफाँड र उपयोगलगायत विभिन्न प्रणाली र संरचनाहरूलाई सुदृढ गर्न मद्दत गर्ने लक्ष्यका साथ वर्ल्ड भिजन इन्टरनेश्नल नेपालले स्थानीय, प्रादेशिक र संघीय सरकारहरू, नागरिक समाज, संगठनहरु, शिक्षाविद्हरु, दाताहरु, अन्तर धार्मिक सञ्जालहरु र निजी क्षेत्रहरूसँग सहकार्य गरेर काम गर्दछ ।

प्रमुख उपलब्धिहरु :

- आ.व. २०२१ मा बालमैत्री स्थानीय शासन (CFLG) लाई मूलधारमा ल्याउन सम्बन्धित सरकारहरूसँग निरन्तर संलग्नताहरु भएका छन् । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA) ले जुलाई २०२१ मा सिएफएलजी कार्यान्वयन निर्देशिकाहरूलाई समर्थन गर्यो जसमा सिएफएलजी वार्ड/नगरपालिका घोषणा गर्न ५१ बेन्चमार्क सूचकहरु छन् । निर्देशिकाहरूले सम्पूर्ण प्रक्रियामा बालबालिकाहरूको व्यापक र अर्थपूर्ण संलग्नताको माग गर्दछ । वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, बालमैत्री स्थानीय शासान राष्ट्रिय मञ्च र अन्य नागरिक समाजहरूसँग मिलेर प्रक्रियामा संलग्न छ । त्यसैगरी रामधुनी नगरपालिका (सुनसरी) र बेशीशहर नगरपालिका (लमजुङ) का दुई वडाले यस वर्ष बाल मैत्रि स्थानिय शासन घोषणा गरेका छन् । बाल मैत्रि स्थानिय शासन एक महत्वपूर्ण कार्यक्रम पद्दति भएकोले, वर्ल्ड भिजन इन्टरनेश्नल नेपालले दुवै क्षेत्रमा बाल मैत्रि स्थानिय शासनकार्यान्वयन गर्न स्थानीय सरकारहरूलाई सहयोग गर्दै आएको छ ।

- पैरवी कार्यक्रमहरु राष्ट्रिय र अन्तर्राष्ट्रिय नीति प्रभाव गर्ने कृयाकलापमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुधार गर्नमा केन्द्रित छन् । वर्ल्ड भिजनको सहयोग र सहजीकरणमा, नेपालको पहिलो बाल-नेतृत्वको विश्वव्यापी आवधिक समीक्षा (UPR) ले ८ जुलाई २०२१ मा मानव अधिकार परिषद् (HRC) को ४७ औं सत्रमा मौखिक/भिडियो वक्तव्य मार्फत् आदान प्रदान गर्ने ठाउँ प्राप्त गर्यो । बाल संयोजक-नेतृत्वमा रहेको यूपीआरले आफ्नो विज्ञप्तिमा नेपालका बालबालिकाको समस्या समाधान गर्न आग्रह गरेको छ । त्यसैगरी, एसिया प्रशान्तका ११ देशका बालबालिका र युवाहरूसँग मिलेर सिभिल रेजिष्ट्रेसन एण्ड भाइटल स्ट्याटिस्टिक्स (सीआरभीएस) परामर्शमा नेपालको बालबालिकाका मुद्दाहरु प्रस्तुत गरिएको थियो । त्यसैगरी, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले कन्सोर्टियम नेपालसँगको सहकार्यमा १० वर्षे बाल योजनालाई लक्षित गरी परामर्श आयोजना गरेको थियो, जहाँ सबै प्रदेशका ५० जना बालबालिकाका समस्याहरु पहिचान गर्न गहन रूपमा संलग्न थिए । राष्ट्रिय बालअधिकार परिषद् (एनसीआरसी) को उपस्थितिमा बालबालिकाको समूहले प्रधानमन्त्री र मन्त्रीहरूलाई परामर्शमा हाइलाइट गरिएका प्रमुख मुद्दाहरु हस्तान्तरण गरेका थियो ।

- वर्ल्ड भिजनले आ.व. २०२१ मा बाल सम्बृद्धिको समर्थनमा निर्देशिका/रणनीतिहरु तर्जुमा र समर्थन गर्न प्रादेशिक सरकारहरूसँग नजिकबाट काम गर्दै आएको छ । वर्ल्ड भिजन इन्टरनेशनल नेपालले १० वर्षे प्रादेशिक शिक्षा क्षेत्र योजना (PESP २०७८-२०८७) तर्जुमा गर्न सुदूरपश्चिम प्रदेशको सामाजिक विकास मन्त्रालयसँग सहकार्य गरेको छ । सुदूरपश्चिम प्रदेश र मधेस प्रदेशका सामाजिक विकास मन्त्रालयहरूसँग बाल सहभागिता निर्देशिकालाई समर्थन गर्न थप सहकार्यहरु गरिएको छ ।

- वर्ल्ड भिजनले बाल विवाह अन्त्य गर्ने रणनीतिलाई राष्ट्रिय तथा प्रदेशिय स्तरमा कार्यान्वयन गर्न बालबालिका र सरोकारवालाहरूसँग मिलेर निरन्तर पैरवी र लबिङ गर्दै आएको छ । रणनीतिक साझेदार एसोसिएसन अफ कम्युनिटी रेडियो ब्रोडकास्टर्स (ACORAB) नेपालसँगको सहकार्यमा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, सुदूरपश्चिमका सामाजिक विकास मन्त्रालय, मधेश प्रदेश, आयोग, दाता समुदाय, बालबालिका, सामाजिक अभियानता र मिडियाका ३०० भन्दा बढी प्रतिनिधिहरु एकै ठाउँमा ल्याएर तीनवटा भर्चुअल गोलमेज छलफल (RTDs) गरेको थियो । बाल विवाहको परिवर्तनशील गतिशीलताबारे छलफल गर्न र बाल विवाह अन्त्यका लागि सरकारका सबै तहबाट ठोस प्रयासका लागि सहमति जुटाउन यो मञ्च महत्वपूर्ण रहेको छ । त्यसैगरी, नीति प्रक्रियालाई प्रभाव पार्न प्रदेश र स्थानीय तहमा निरन्तर प्रयासहरु भइरहेका छन्, जहाँ वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बाल विवाह अन्त्य गर्ने रणनीतिलाई अझ राम्रोसँग कार्यान्वयन गर्न बालबालिका र सरोकारवालाहरूलाई जानकारी गराउने काम गरिरहेको छ ।

## बाल मैत्रि स्थानिय शासनभनेको के हो ?

बालमैत्री स्थानीय शासन (Child Friendly Local Governance) भनेको शासन प्रक्रियामा बालबालिकाको अधिकार (बाँच्न, विकास, संरक्षण, सहभागिता र संस्थागत विकास) लाई कार्यान्वयन र मूलप्रवाहमा ल्याउन स्थानीय सरकारलाई समग्र मार्गदर्शन प्रदान गर्ने पहल हो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (MoFAGA) ले स्थानीय तहमा बाल मैत्रि स्थानिय शासनकार्यान्वयनमा सहयोग गर्ने उद्देश्यले २०२१ मा सिएफएलजी कार्यान्वयन निर्देशिका परिमार्जन गरी (बाल मैत्रि स्थानिय शासनरणनीति २०११) जारी गरिएको छ ।

## वर्ल्ड भिजन इन्टरनेश्नल नेपालले सिएफएलजीमा कसरी योगदान दिइरहेको छ?

- बालमैत्री स्थानीय शासान राष्ट्रिय मञ्च (NCFLG Forum) लगायतका सञ्जालहरूसँग सिएफएलजी अभियानलाई समर्थन गर्दै,
- प्राविधिक कार्यक्रमहरूमा मुख्य प्रवाहित गरेर सिएफएलजीका पहलहरु कार्यान्वयन गर्ने,
- बाल मैत्रि स्थानिय शासनमा स्थानीय सरकार र सम्बन्धित सरोकारवालाहरूको क्षमता सुदृढ गर्ने,
- बाल मैत्रि स्थानिय शासनको मूलप्रवाहीकरण र घोषणा गर्ने प्रक्रियामा सरकारले तोकेका प्राथमिकताका क्षेत्रहरूमा स्थानीय सरकारसँग सहकार्य गर्दै,
- बाल मैत्रि स्थानिय शासनसम्बन्धी उपलब्धिहरूलाई दस्तावेजीकरण र दिगो बनाउन स्थानीय सरकारहरूसँग सहकार्य गर्दै,
- आ.व. २०२१ मा, वर्ल्ड भिजन इन्टरनेश्नल नेपालले सुनसरी र लमजुङ जिल्लाहरूमा दुई बाल मैत्रि स्थानिय शासन घोषणाहरूलाई समर्थन गरिएको थियो । आगामी आर्थिक वर्षमा वर्ल्ड भिजन इन्टरनेश्नल नेपालको कार्यक्षेत्रहरूमा कम्तीमा पाँचवटा बाल मैत्रि स्थानिय शासनघोषणाहरु लक्षित गरिएका छन् ।
- घोषणा पछि, स्थानीय सरकारहरूले बाल मैत्रि स्थानिय शासनको ५१ वटा सूचकहरूसँग सम्बन्धित उपलब्धिहरूलाई दिगो बनाउन आफ्नो लगानीको योजना विकास गर्न सक्छन् । योजनाले योजना र कार्यान्वयन चरणहरूमा नियमित रूपमा बाल मैत्रि स्थानिय शासनलाई मुख्य प्रवाहमा ल्याउने फोकस समावेश गर्दछ । घोषणाले क्रमशः अन्य नजिकका वडाहरु र नगरपालिकाहरूलाई प्रभाव पार्न मद्दत गर्दछ ।
- बाल मैत्रि स्थानिय शासनघोषणाले नगरपालिका स्तरमा बालबालिकाका समस्याहरूको लागि बजेट बढाउन मद्दत पनि गर्दछ ।



*सर्लाही जिल्लाको एक विद्यालयका विद्यार्थीहरू दिउँसोको खाजा खाने समयमा खेल खेलेर समय बिताउँदै ।*

# कार्यक्रम जवाफदेहिता

वर्ल्ड भिजन इन्टरनेश्नल नेपाल र यसका कार्यक्रमहरूप्रति बालबालिका र समुदायको विश्वास र सन्तुष्टि सुधार गर्न


समुदायले पूर्ण जानकारी प्राप्त गरेको, परामर्श लिएको र अर्थपूर्ण रूपमा भाग लिएको सुनिश्चित गर्न

## मुख्य उद्धेश्यहरू

बालबालिका र समुदायबाट प्रतिक्रिया सुनिश्चित गर्न र सोही प्रतिक्रियाको आधारमा कार्यहरु गर्न

## मुख्य उपलब्धीहरू

आ.व. २०२१ मा कार्यक्रम जवाफदेहिता प्रणालीमा कुल **२,८६८** प्रतिक्रियाहरु दर्ता भएका थिए ।




दश मध्ये एक जना बालबालिकाले (९.२%,) आफ्ना सुझाव/प्रतिक्रिया प्रदान गरे ।

लगभग आधा (४८.८ %) प्रतिक्रियाहरु सङ्कलन गरिएका थियो । यसले देखाउँछ कि समुदायका मानिसहरूले वर्ल्ड भिजन इन्टरनेश्नल नेपाल र साझेदार संस्थाको कर्मचारीहरूसँग प्रत्यक्ष भेट गरेर आफ्ना चिन्ताहरु व्यक्त गर्न रूचाउँछन् । साथै, कार्यशाला/तालिम/अभिमुखीकरणमा पनि कर्मचारीहरूले प्रतिक्रिया सङ्कलन गरे जुन १६.४ प्रतिशत थियो ।

प्रणालीमा दर्ता गरिएको प्रतिक्रियाको लगभग आधा (४९.६%) मध्ये (२८.९५) धन्यवाद र प्रशंसा को बारेमा, (५.५८५) अनुरोध माग र (६.७%) कार्यक्रम गुणस्तरको बारेमा थियो ।


कार्यक्रमको गुणस्तरको सन्दर्भमा, प्रतिक्रिया प्रदायकहरूमध्ये एकले उल्लेख गर्नुभयो, *"वितरण गरिएको कम्बलको गुणस्तर कम थियो"* । त्यसैगरी, अर्को समुदायका सदस्यले दुई महिनाअघि ८ वटा धातुका पाता र २ वटा सिमेन्ट प्राप्त गरेका बताए । सिमेन्टका बोरा च्यातिएर अहिले प्रयोगयोग्य अवस्थामा नरहेको बताएका छन् ।

तीन मध्ये लगभग दुई प्रतिक्रिया (६५%) लाई समयमै प्रतिक्रिया/सुझाव दिइयो र तीन मध्ये एक भन्दा अलि बढी प्रतिक्रियालाई थप कार्यको आवश्यकता परेन किनभने तिनीहरूमध्ये धेरैजसो धन्यवाद र प्रशंसाको बारेमा थिए ।



# आर्थिक प्रतिवेदन

| क्षेत्र | वर्षिक बजेट (अमेरिकि डलर) | आ.व.को वास्तविक बजेट (अमेरिकि डलर) |
|---|---|---|
| सामुदायिक सहभागिता र स्पोनसरसीप कार्यहरू | ३२,०३,२३० | ३१,७७,८९० |
| बाल सम्बृद्धिको लागि सामुदायिक सहभागिता | १,०४,२४० | ८७,७२९ |
| बाल संरक्षण | ६,९४,७५८ | ६,९४,७५८ |
| स्वास्थ्य, पोषण, जीविकोपार्जन र आर्थिक विकास | ५२,८२,०७९ | ५१,१२,४७२ |
| बहुक्षेत्रहरु (सामुदायिक सहभागिता, स्पोनसरसीप, स्वास्थ्य, साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि) | ८,१३,७९३ | ८,०८,५२३ |
| शिक्षा र जीवनपयोगी सिप | २५,८९,२३१ | २४,७०,५७० |
| विपद् न्यूनीकरण | ७,७०,९६३ | ७,१०,८५२ |
| आ.व. २०२१ को कुल खर्च | १,३४,५८,२९४ | १,३०,६२,७९४ |
| आ.व. २०२० को कुल खर्च | १,४४,७२,२२१ | १,३७,८२,६८७ |





हाम्रो दातृ निकाय/साझेदारहरू:

*वर्ल्ड भिजन सहयोगी कार्यालयहरू:*
क्यानडा, अष्ट्रेलिया, जापान, कोरिया, ताइवान, आयरल्याण्ड, हङकङ, सिंगापुर, जर्मनी, स्विट्जरल्याण्ड, मलेसिया, अमेरिका, बेलायत र नेदरल्याण्ड

अनुदान दाताहरू:
अस्ट्रेलियाली एनजीओ सहयोग कार्यक्रम (ANCP) र एस्टेलास ग्लोबल हेल्थ फाउन्डेशन

# हाम्रा कार्यक्षेत्रहरू

- शिक्षा
- स्वास्थ्य र पोषण
- बाल संरक्षण
- जीविकोपार्जन
- विपद् जोखिम न्यूनीकरण र उत्थानशीलता
- निति तथा पैरवी




## नगर कार्यक्षेत्रको सुची

| प्रदेश १ | |
|---|---|
| उदयपुर | कटारी नगरपालिका<br>लिम्बुङबुङ गाउँपालिका<br>रौतामाई गाउँपालिका<br>ताप्ली गाउँपालिका<br>त्रियुगा नगरपालिका<br>उदयपुरगढी गाउँपालिका |

| मधेस प्रदेश | |
|---|---|
| रौतहट | गरूडा नगरपालिका<br>माधवनारायण नगरपालिका |
| सर्लाही | पर्सा गाउँपालिका<br>हरिपुरा नगरपालिका<br>ब्रम्हपुरी गाउँपालिका<br>चन्द्रनगर गाउँपालिका |
| महोत्तरी | एकडारा गाउँपालिका<br>सम्सी गाउँपालिका |

| बागमती प्रदेश | |
|---|---|
| काठमाडौं | कीर्तिपुर नगरपालिका<br>काठमाडौं महानगरपालिका<br>चन्द्रागिरि नगरपालिका |
| ललितपुर | ललितपुर महानगरपालिका |
| सिन्धुली | गोलन्जोर गाउँपालिका<br>फिक्कल गाउँपालिका<br>तिनपाटन गाउँपालिका |

| गण्डकी प्रदेश | |
|---|---|
| लमजुङ | बेशीशहर नगरपालिका<br>दोर्दी गाउँपालिका<br>क्व्होलासोथार गाउँपालिका<br>सुन्दरबजार नगरपालिका |

| कर्णाली प्रदेश | |
|---|---|
| जुम्ला | चन्दननाथ नगरपालिका<br>गुठीचौर गाउँपालिका<br>पातारासी गाउँपालिका<br>तातोपानी गाउँपालिका<br>तिला गाउँपालिका |

| सुदूरपश्चिम प्रदेश | |
|---|---|
| बझाङ | केदारसिउ गाउँपालिका<br>जयपृथ्वी नगरपालिका |
| अछाम | कमलबजार नगरपालिका<br>मेल्लेख गाउँपालिका<br>पञ्चदेवल विनायक नगरपालिका<br>साँफेबगर नगरपालिका |
| डोटी | आदर्श गाउँपालिका<br>दिपायल सिलगढी नगरपालिका<br>पूर्वीचौकी गाउँपालिका<br>सायल गाउँपालिका |
| कैलाली | भजनी नगरपालिका<br>गौरीगंगा नगरपालिका<br>घोडाघोडी नगरपालिका<br>कैलारी गाउँपालिका<br>टीकापुर नगरपालिका |

# हाम्रा साझेदारहरू

| दीर्घकालीन साझेदारहरू | जिल्लाहरू |
|---|---|
| सामाजिक रूपान्तरण तथा मानविय सहायता संघ (आस्था) नेपाल | अछाम |
| पहुँच र सृजनाका लागी सहकार्य नेपाल | अछाम |
| सामुदायिक विकास केन्द्र | डोटी |
| समान पहुँच विकास केन्द्र नेपाल | डोटी |
| प्रगतिशील युवा समाज | बझाङ |
| बाल कल्याण संघ, टिकापुर | कैलाली |
| दिगो विकास समाज | कैलाली |
| सामुदायिक विकासका लागि सचेत समाज | कैलाली |
| कर्णाली एकिकृत ग्रामीण विकास तथा अनुसन्धान केन्द्र | जुम्ला |
| ग्रामीण सामुदायीक विकास केन्द्र | लमजुङ |
| रिलिफ नेपाल | सिन्धुली |
| सिन्धुलि एकिकृत विकास सेवा | सिन्धुली |
| बागमती सेवा समाज नेपाल | सर्लाही |
| राष्ट्रिय रोजगार प्रवर्द्धन केन्द्र | सर्लाही |
| ग्रामीण विकास केन्द्र | रौतहट |
| सामाजिक विकास केन्द्र | महोत्तरी |
| जाल्पा एकीकृत विकास समाज | उदयपुर |
| मानव अधिकार तथा वातावरण विकास केन्द्र | उदयपुर |
| बाल विकास समाज | काठमाडौं |
| असल छिमेकी नेपाल | काठमाडौं |

| रणनैतिक साझेदारहरू | |
|---|---|
| सामुदायिक रेडियो प्रसारक संघ (ACORAB) नेपाल / सामुदायिक सूचना नेटवर्क (CIN) | वर्ल्ड भिजन इन्टरनेशनल नेपाल सन् २०१३ देखि सामुदायिक रेडियो प्रसारक संघ ९ब्ऋइच्ब्द्य० नेपाल र सामुदायिक सूचना नेटवर्क ९ऋक्ष्ल० सँग विभिन्न रणनीतिक क्षेत्रमा संलग्न रहेको छ । सन् २०१५ अप्रिल को भूकम्प पछि तुरुन्तै, सामुदायिक रेडियो प्रसारक संघसँग मिलेर वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बाल-नेतृत्वको सामुदायिक पत्रकारिता परियोजना सञ्चालन गर्यो जसले ९० भन्दा बढी बालबालिकालाई सामुदायिक पत्रकारको रूपमा सक्षम बनाएको थियो । सन् २०२० मा कोभिड-१९ महामारीको समयमा, वर्ल्ड भिजन इन्टरनेशनल नेपालले सामुदायिक रेडियो प्रसारक संघ मिलेर लामो समयको बन्दाबन्दीमा बालबालिकालाई उनीहरूको सिकाइलाई निरन्तरता दिन मद्दत गर्नेगरी रेडियो कार्यक्रम हाम्रो घर हाम्रो पाठशाला सुरू गऱ्यो । यसरी आ.व. २०२१ मा २४ वटा रेडियो श्रृखलाहरु उत्पादन गरि प्रसारण गरेको थियो ।<br><br>त्यसैगरी बाल विवाह अन्त्यका मुद्दाहरूलाई संवेदनशील बनाउन विभिन्न नीतिगत बहसहरूपनि संयुक्त प्रयासका रूपमा सञ्चालन गरिएको थियो । स्थानीय तहदेखि संघीय तहसम्मका यस्ता नीतिगत संवादहरु रेडियोबाट प्रत्यक्ष प्रसारण हुने गरेका छन् । यसबाहेक यस साझेदारीको रणनीतिक संलग्नताको केन्द्रबिन्दुमा बाल विवाह जस्ता हानिकारक कुप्रथाहरूको अन्त्यका लागि अन्तर-धार्मिक अभिनेताहरूको भूमिकाबारे वहस प्रारम्भ गर्ने पहल पनि भएको छ । |
| बाल सहभागिताका लागि काम गर्ने संस्थाहरूको संघ (कन्सोर्टियम-नेपाल) | वर्ल्ड भिजन इन्टरनेशनल नेपालले नीति निर्माण तथा कार्यान्वयन प्रक्रियाहरूमा बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने उद्देश्यका साथ सुदूरपश्चिम प्रदेश र मधेस प्रदेशका लागि बाल सहभागिता निर्देशिकाहरु तयार गर्न कन्सोर्टियम नेपालसँग साझेदारी गरेको थियो ।<br><br>बालबालिकासँग सम्बन्धित विषयको प्रमाणहरु संकलन गर्न र कोभिड-१९ को समयमा नीतिलाई सकारात्मक प्रभाव पार्नेगरी सम्बन्धित सरकारी अधिकारीहरूलाई ज्ञापनपत्र बुझाउन यस साझेदारी महत्वपूर्ण रह्यो । यसका साथै, 'कोभिड-१९ र बालबालिकाको सन्दर्भमा, सरकार र नागरिक समाज संगठन को प्रतिक्रिया' शीर्षकमा अनुसन्धानगरी प्रतिवेदन जारि गरिएको थियो । |
| गाँउपालिका राष्ट्रिय महासंघ नेपाल (NARMIN) | आ.व. २०२१ मा वर्ल्ड भिजन इन्टरनेशनल नेपालले गाँउपालिका राष्ट्रिय महासंघ नेपाल सँगको साझेदारीलाई निरन्तरता प्रदान गऱ्यो । यस क्रममा 'नेपालमा महिलाको आर्थिक सशक्तिकरणः सम्भावना र चुनौती' विषयमा अनुसन्धानगरी सो विषयसँग सान्दर्भिक नीतिहरूलाई प्रभाव पार्नका लागि नीति निर्माताहरूलाई लक्षित गरी उक्त प्रतिवेदन वितरण गरिएको थियो । यस्तै वर्ल्ड भिजन इन्टरनेशनल नेपालले गाँउपालिका राष्ट्रिय महासंघ नेपालसँग सन् २०१८ मा रणनीतिक साझेदारीको थालनी गर्दै स्थानीय सरकारहरूलाई यस विषयमा संवेदनशील बनाएर 'नेपाली जुटौँ बाल विवाह रोकौँ' नामक अभियानलाई विस्तार गरेको थियो । |
| बालमैत्री स्थानीय शासन राष्ट्रिय मञ्च | वर्ल्ड भिजन इन्टरनेशनल नेपालले बालमैत्री स्थानीय शासान राष्ट्रिय मञ्चसँग सङ्घीय, प्रादेशिक र स्थानीय तहमा बालमैत्री स्थानीय शासन सम्बन्धी नीति प्रक्रियाहरूमा (बालबालिकाका समस्याहरु र बालमैत्री स्थानीय शासनको रणनीति तर्जुमा प्रक्रियालाई मूल धारमा ल्याउन) सहकार्य गरिरहेको छ ।<br><br>यस साझेदारीले स्थानीय सरकारहरूसँग मिलेर काम गर्दै वर्ल्ड भिजन इन्टरनेशनल नेपालको कार्यक्रमका क्षेत्रहरूमा बालमैत्री स्थानीय शासनको विषयलाई मूल धारमा ल्याउन साझेदार संस्थाहरुको क्षमतालाई बलियो बनाउनमा केन्द्रित रहेको छ । |
| राष्ट्रिय अन्तरधार्मिक सञ्जाल नेपाल (NIRN) | वर्ल्ड भिजन इन्टरनेशनल नेपालले राष्ट्रिय अन्तरधार्मिक सञ्जाल नेपालसँगको सहकार्यमा विभिन्न प्रदेशका अन्तर-धार्मिक अगुवाहरूसँग मिलेर बाल सम्बृद्धिको विषयको अभिनेताको रूपमा अन्तरधार्मिक अगुवाहरूलाई प्रस्तुत गर्दै, विशेषगरी बाल विवाह जस्ता हानिकारक परम्परागत प्रथाहरु विरुद्ध सम्बन्धित समुदायलाई थप शिक्षित गर्ने काम भइरहेको छ । |
| गैर सरकारी संस्था महासंघ नेपाल/नेपाल दिगो विकास मञ्च | दिगो विकास लक्ष्यलाई निति पैरवीको केन्द्रिय विषय मध्ये एक मान्दै, वर्ल्ड भिजन नेपालले दिगो विकास रिपोर्टिङ प्रक्रियामा दिगो विकास र बालबालिकाका मूलधारका मुद्दाहरूलाई स्थानीयकरण गर्न दिगो विकास कार्य सप्ताहमा गैर सरकारी संस्था महासंघ नेपालसँग सहकार्य गरेको थियो । दिगो विकासको विषयमा सक्रियरूपमा पैरवी गर्ने संस्थाको हैसियतमा वर्ल्ड भिजन इन्टरनेशनल नेपाल, नेपाल दिगो विकास मञ्चको सक्रिय सदस्य पनि हो यसर्थ आफ्ना कार्यक्रमहरूलाई प्रत्यक्ष रूपमा दिगो विकास सूचकहरूलाई योगदान गर्ने तर्फ निर्देशित गर्न वर्ल्ड भिजन इन्टरनेशनल नेपाल प्रतिबद्ध रहेको छ । |

# संक्षिप्त शब्दावली

| | |
|---|---|
| **AIN** | अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको संगठन |
| **CBO** | समुदायिक संस्था/संगठन |
| **CDMC** | सामुदायिक विपद् व्यवस्थापन समिति |
| **CFLG** | बालमैत्री स्थानीय शासन |
| **CfW** | कामको लागि नगद |
| **CRC** | बाल अधिकार समिति |
| **CTP** | नगद स्थानान्तरण कार्यक्रम |
| **CVA** | नागरिक आवाज र कर्तव्य |
| **CWD** | अपाङ्गता भएका बालबालिका |
| **DRM** | विपद् जोखिम व्यवस्थापन |
| **ECD** | प्रारम्भिक बाल विकास |
| **EFO** | पूर्वी क्षेत्रीय कार्यालय |
| **FCHV** | महिला सामुदायिक स्वास्थ्य स्वयंसेवीका |
| **FY** | आर्थिक वर्ष |
| **LDMC** | स्थानीय विपद् व्यवस्थापन समिति |
| **LLCA** | स्थानीय स्तरको अवस्था विश्लेषण |
| **MVC** | अति जोखिममा रहेका बालबालिका |
| **NGO** | गैर सरकारी संस्था |
| **NLab** | नेपाल इनोभेसन ल्याब |
| **NO** | राष्ट्रिय कार्यालय |
| **OCMC** | एकद्वार विपद् व्यवस्थापन केन्द्र |
| **PD Hearth** | सकारात्मक झुकाव सामूहिक चुल्हा |
| **PDRA** | सहभागीतामुलक विपद् जोखिम मूल्यांकन |
| **PHC/ORC** | आधारभुत स्वास्थ्य सेवा क्लिनिक |
| **PNGO** | साझेदार गैसस संस्था |
| **PTA** | अभिभावक शिक्षक संघ |
| **RAW** | पठन सचेतना गोष्ठी |
| **RTD** | गोलमेच छलफल |
| **SIKAI** | समावेशी शिक्षा प्रवर्द्धन परियोजना |
| **SMC** | विद्यालय व्यवस्थापन समिति |
| **UN** | संयुक्त राष्ट्र संघ |
| **UPO** | शहरी कार्यक्रम कार्यालय |
| **UPR** | विश्वव्यापी आवधिक समीक्षा |
| **WFO** | पश्चिम क्षेत्रीय कार्यालय |
| **WV** | वर्ल्ड भिजन |
| **WVI** | वर्ल्ड भिजन इन्टरनेशनल |
| **WVI Nepal** | वर्ल्ड भिजन इन्टरनेशनल नेपाल |

## जवाफदेहिताका लागि नि:शुल्क टेलिफोन सेवा

Nepal Telecom

१६६००१०००१४

Ncell

| | |
|---|---|
| राष्ट्रिय कार्यालय | ९८०१५७१०१४ |
| शहरी कार्यक्रम कार्यालय (काठमाडौं र ललितपुर) | ९८०१५७१०११ |
| पूर्व क्षेत्रीय कार्यालय (उदयपुर, सिन्धुली, रौतहट, महोत्तरी, लमजुङ) | ९८०१५७१०१३ |
| पश्चिम क्षेत्रीय कार्यालय (अछाम, डोटी, बझाङ, कैलाली, जुम्ला) | ९८०१५७१०१६ |
| सर्लाही | ९८०१५७१०१५ |

नेपाली जुटौं
बाल विवाह रोकौं


वर्ल्ड भिजन इन्टरनेशनल नेपाल

राष्ट्रिय कार्यालय
केसी टावर, कुसुन्ती, ललितपुर-१३
पोस्ट बक्स २१९६९
फोनः +९७७-०१-५५४८८७७
www.wvi.org/nepal

पूर्वी क्षेत्रीय कार्यालय
बर्दिवास नगरपालिका-३, प्लट नम्बर ३५१, महोत्तरी, नेपाल
फोनः +९७७-६४६९११०८

पश्चिम क्षेत्रीय कार्यालय
धनगढी उपमहानगरपालिका - ५, हसनपुर, कैलाली, नेपाल
फोनः +९७७-९१५२४०३२

info_nepal@wvi.org
@wvinpl
@wvnepal
@wvinepal
World Vision International Nepal
www.wvi.org/nepal